जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १२ २०८२ साल साउन १५ गते बिहीबार (31 July 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : लागुऔषध नियन्त्रणमा गृहमन्त्री.. ३ पृष्ठमा : आन्तरिक ऋण शतप्रतिशत ... ३ पृष्ठमा रुसमा शक्तिशाली भूकम्प,...

# सरकारको गलत नीतिका कारण अहिलेको जल संकट आएको हो : अध्यक्ष यादव




**दैनिक समाचारदाता**
**राजविराज, १४ साउन ।**

जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले वनविनास, चूरे उत्खनन् तथा पहाडका बासिन्दालाई मधेशमा भू-माफियाहरुलाई अवैध बसोवास गराउन सरकार षड्यन्त्रमा लागेकोले जनतालाई सचेत रहन आग्रह गरेका छन् ।

सप्तरीको राजविराजमा जसपा नेपाल सप्तरीको एकताको प्रथम जिल्ला अधिवेशनलाई बुधबार उद्घाटन गर्दै अध्यक्ष यादवले यस्तो आग्रह गरेका हुन् ।

"चुरे विनाशका कारण मधेशका अन्नदाता किसान अहिले आफै त्राहिमाम अवस्थामा छन्, उनले भने-"चुरे विनाशले गर्दा उत्पन्न जल संकट नै त्यसको प्रमुख कारण हो ।"

अन्तराष्ट्रिय संस्था युनेस्कोले धेरै वर्ष पहिले नै चुरे संरक्षण नगरे पानीको संकट आउने भनी सचेत गराएको सुनाउँदै नेता यादवले त्यस विपरीत सरकारले गलत नीति अख्तियार गरि चुरेको दोहन जारी राख्दा अहिलेको संकट आएको आरोप लगाए ।

चुरे क्षेत्रको विनाश र त्यसकै नजिकबाट राजमार्ग निर्माण गरि बसोवासका नाममा चुरे क्षेत्रको अतिक्रमण गरेका कारणले भूमिगत जलश्रोतको मुख्य आधारका रुपमा रहेको चुरेको विनाश हुँदै गएको उनको भनाई थियो ।

अधिवेशनलाई सम्बोधन गर्दै उनले भूमि सम्बन्धी विधेयक फिर्ता नलिईए जनविद्रोह गर्ने चेतावनी समेत दिए। जनसंख्याको आधारमा बजेट ल्याउन माग गर्दै उनले भने '४० प्रतिशत जनसंख्यालाई ८९ प्रतिशत र मधेशको ६० प्रतिशत जनतालाई मात्र ११ प्रतिशत बजेट विनियोजन गरिन्छ, यो भन्दा ठूलो विभेद के हुनसक्छ ।' जबर्जस्ती लादिएको संविधानले देशको हित नहुने भन्दै पूर्व उपप्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले गलत संविधानकै कारण सङ्घीय लोकतान्त्रिक गणतन्त्र जस्तो शासन व्यवस्था पनि बदनाम भएको दावी गरे ।

प्रदेशलाई अझैं पनि अधिकार नदिएका कारण अपेक्षा अनुसार जनताको काम गर्न नसकेको बताउँदै जसपा अध्यक्ष यादवले भने 'प्रदेश सरकारलाई न त अधिकार दिएको छ, न पुलिस छ न कर्मचारी, प्रदेशहरुलाई अधिकारविहिन बनाईएको छ ।'

पार्टीका जिल्ला अध्यक्ष केदार यादवको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा नेकपा माओवादीका केन्द्रिय सदस्य सूर्यनाथ यादव, राष्ट्रिय मुक्ति पार्टी नेपालका जिल्ला अध्यक्ष दिपेन्द्र चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टीका डम्बर साह, लोसपाका जिल्ला अध्यक्ष सुनिलकुमार झा, जनमत पार्टीका जिल्ला ईन्चार्ज रामगमन साह, राष्ट्रिय प्रजातन्त्र पार्टीका मधेश प्रदेशका प्रवक्ता मनोज कुमार मण्डल, जसपा नेपालका मधेश प्रदेशका अध्यक्ष बालकिशोर यादव, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव, एकीकृत समाजवादी पार्टीका जिल्ला अध्यक्ष प्रतापनारायण चौधरी लगायतले शुभकामना मन्तव्य व्यक्त गरे ।

कार्यक्रमको बीच बीचमा सप्तरीको मलेठ घटनाका सहिद परिवारलाई सम्मान तथा पार्टीको पक्षमा प्रचारात्मक सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो ।

पार्टीको जिल्ला अधिवेशन साउन १४, १५ र १६ गते गरि तीन दिनसम्म चल्ने जिल्ला अध्यक्ष केदार प्रसाद यादवले जानकारी दिएका छन् । अध्यक्ष पदकालागि हालका अध्यक्ष केदार यादव, उपाध्यक्ष उमेश प्रसाद यादव र हरेराम यादव चर्चामा छन् ।

# ८० वर्षीय वृद्धको हत्या बिरोधमा स्थानीयको प्रदर्शन

**दैनिक समाचारदाता**
**सिरहा, १४ साउन ।**

जिल्लाको धनगढीमाई नगरपालिका ११ आमचोकमा ८० वर्षीय फनिलाल यादवको आफ्नै घरमा सुतिरहेको अवस्थामा धारिलो हतियार प्रहार गरी हत्या गरिएको छ ।

मङ्गलबार राति यादवमाथि अज्ञात समूहले टाउकोमा धारिलो हतियारले आक्रमण गरेका मृतकका छोरा कपिलदेव यादवले जानकारी दिए । "घरमा सुतिरहेकै बेला बुवामाथि आक्रमणमा भएको हुनसक्छ । बिहान अबेरसम्म नउठेपछि खोजी गर्ने क्रममा उहाँलाई गम्भीर घाइते अवस्थामा फेला पारेका थियौँ", उनले भने ।

घटनापछि उनलाई लहानस्थित प्रादेशिक अस्पताल लगिएकामा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक बीरेन्द्रकुमार पासवानले जानकारी दिए ।

यसैबीच, प्रहरी घटनास्थलमा ढिलो पुगेको भन्दै आक्रोशित स्थानीयले पूर्व-पश्चिम राजमार्गअन्तर्गत धनगढी बजार क्षेत्रमा टायर बालेर करिब एक घण्टा सडक अवरुद्ध गरेका थिए ।

प्रहरी नायब उपरीक्षक पासवानका अनुसार घटनाको प्रारम्भिक अनुसन्धानका क्रममा पारिवारिक विवाद वा पुरानो झगडाको आशङ्का गरिएको छ ।

हत्यासम्बन्धी घटनाको अनुसन्धान तीव्र पारिएको तथा दोषी पहिचान भएसँगै कानुनी कारबाही प्रक्रिया अघि बढाइने जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# कृषि बिश्वविद्यालयको पठनपाठन ठप्प, बिद्यार्थीहरूद्वारा आन्दोलन चर्काउने चेतावनी



**दैनिक समाचारदाता**
**राजविराज, १४ साउन ।**

त्रुटिपूर्ण निर्णय सच्याउन तथा शैक्षिक सुधारका विभिन्न माग अघि सार्दै राजविराजस्थित मधेस कृषि विश्वबिद्यालयमा बिद्यार्थीहरूद्वारा गरिएको तालाबन्दी लगातार चौथो दिन बुधबार पनि जारी रहेको छ ।

तालाबन्दीका कारण पठन पाठन पूर्ण रूपले ठप्प भई डेढ सय भन्दा बढी बिद्यार्थीको शैक्षिक भविष्य अन्योलमा परेको छ ।

लगातार चारदिनदेखि तालाबन्दी जारी रहदा पनि विश्वबिद्यालय प्रशासनले आफुहरूको माँग पुरा गर्ने तर्फ कुनै चाँसो नदेखाएको भन्दै आक्रोशित बिद्यार्थीहरूले बुधबार नगरमा प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरी मार्फत मधेस प्रदेशका मुख्यमन्त्री, विश्व बिद्यालयका उपकुलपति, रजिस्ट्रार तथा जिल्ला प्रहरी कार्यालय लगायतका सरोकारवाला निकायमा ज्ञापनपत्र पठाएका

बाँकी दुई पृष्ठमा

युवा सशक्तिकरण गरौं ।

युवा सशक्तिकरण किनः

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### राजनीतिका कारण बालबालिकाको शिक्षा धरापमा

अहिले विद्यालयमा हुने गरेको राजनीतिका कारण बालबालिकाहरुको शिक्षा धरापमा पुगेको छ। विद्यालय व्यवस्थापन समिति र शिक्षकहरुको ट्रेड युनियन तथा अन्य गतिविधिका कारण बालबालिकाहरुले पाउनु पर्ने शिक्षा पाउनबाट बञ्चित हुदैछन्। यद्दपी सरकारले बालबालिकाहरुलाई उचित शिक्षाका लागि विशेष ध्यान दिएको छ। तर, त्यसको खासै असर परेको देखिन्न्।

यता विविध कारण बाहेक अर्को कारण बालश्रम हो जुन सरकारी नीतिलाई कार्यान्वयन गर्न सकिएको छैन्। अधिकांशको घरायसी समस्यामा परेका त्यस्ता बालबालिकाहरु बाल मजदुरी गर्न बाध्य भएको अवस्था छ। कसैको आमाबुबा नरहेकाले बालश्रम गरिरहेका छन भने कत्तिपयले घरको आर्थिक अवस्था कमजोर भएकाले पढ्न नसकेर बालश्रम गरी आफ्नो र आफ्नो घर परिवारको समेत गुजारा चलाउन बाध्य छन्।

तसर्थ शिक्षामा बालबालिकाको पहुँचलाई सहज गर्नका लागि विद्यालयबाट राजनीति अखाडा टाढा राख्न सक्नुपर्छ। अनिमात्र बालबालिकाहरु उचित शिक्षा पाउन सक्छन्। सम्बन्धीत निकायको गम्भिर ध्यानाकर्षण हुनु जरुरी छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# लागुऔषध नियन्त्रणमा गृहमन्त्री लेखकको सक्रियता

काठमाडौँ, १४ साउन (रासस)।

गृहमन्त्री रमेश लेखकले गृहमन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै नयाँ चार चुनौती औँल्याउनुभयो। लागुऔषधको अवैध कारोबार र ओसारपसार नियन्त्रण गर्नु पहिलो हो। लागुऔषधसँगै सडक दुर्घटना, आत्महत्या र साइबरक्राइमजस्ता चुनौती थपिएको निष्कर्षसहित त्यसको नियन्त्रणमा सक्रियता बढाउनुभएका गृहमन्त्री लेखकको पहिलो वर्षको कार्यकालमा लागुऔषधविरुद्ध मुलुकभर नियन्त्रणका लागि महाभियान सञ्चालन गर्नुभयो।

काठमाडौँ उपत्यकामा लागुऔषधविरुद्धको प्रहरीमार्फत महाभियान सञ्चालन भइरहेका छन्। गृहमन्त्री लेखकले लागुऔषध नियन्त्रणका लागि मातहतका प्रहरीका साथै आमनागरिक, अभिभावकलगायत सरोकार भएका निकायले महाभियानमा साथ दिनुपर्नेमा जोड दिनुभयो। मुलुकभर विभिन्न कार्यक्रममार्फत लागुऔषधसम्बन्धी सचेतनासँगै कारबाहीलाई पनि द्रुतगतिमा अघि बढाएका मन्त्री लेखकले गति दिएअनुसारको सफलता प्राप्त हुँदै गएको छ।

मन्त्री लेखकले नेतृत्व सम्हालेयता बितेको एक वर्षमा नेपाल प्रहरीले मात्रै लागुऔषध मुद्दामा सात हजार ९४३ जना स्वदेशी तथा विदेश अभियुक्त पक्राउ गरेको छ। जुन पक्राउ सङ्ख्या अघिल्लो आर्थिक वर्षभन्दा एक हजार २०१ बढी हो। अघिल्लो आव २०८०/८१ मा छ हजार ७४२ जना पक्राउ परेका थिए। गत आव २०८१/८२ मा पक्राउ पर्नेमा सात हजार १९७ पुरुष, ४२१ महिला, ३०७ भारतीय नागरिक र १८ अन्य मुलुकका नागरिक रहेका प्रहरीको लागुऔषध नियन्त्रण ब्युरोका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक कृष्णप्रसाद कोइरालाले जानकारी दिनुभयो। उहाँका अनुसार सो अवधिमा लागुऔषधका पाँच हजार ११० मुद्दा दर्ता भएका छन्।

यो अवधिमा २० किलो ९२८ ग्राम कोकिन, १८५ किलो ५८ ग्राम अफिम, ४८ किलो ४६५ ग्राम खैरो हिरोइन, ८२९ किलोग्राम चरेश र ५१४३९ ग्राम गाँजा बरामद भएको छ। त्यसैगरी एक वर्षको अवधिमा एम्पुल २२०,४१०, नाइट्राजेपाम ९३,४२४, कोडिन सिरप (कोरेक्स) ८९४० लगायत ठुलो मात्रामा अन्य लागुऔषध प्रहरीले बरामद गरेको छ।

अघिल्लो आवभन्दा मन्त्री लेखकको कार्यकालको पहिलो वर्षमा कोकिन मात्रै सात किलोग्राम विगतभन्दा बढी बरामद भएको ब्युरोको तथ्याङ्कबाट देखिन्छ। ब्युरोको तथ्याङ्कअनुसार आव २०७९/८० मा लागुऔषधसम्बन्धी चार हजार १०० मुद्दा दर्ता भई छ हजार १८६ जना पक्राउ परेका थिए भने आव २०८०/८१ मा चार हजार ४२४ मुद्दा दर्ता भई छ हजार ७४२ जना पक्राउ गरिएको थियो।

मन्त्री लेखकले लागुऔषध नियन्त्रण तथा अवैध ओसारपसारलाई नियन्त्रण उच्च प्राथमिकतामा राखेकाले सफलता हासिल हुँदै गएको छ। सवारी दुर्घटना बढ्नुका साथै आत्महत्या, साइबरक्राइमलगायत आपराधिक घटनाका पछाडि पनि लागुऔषध प्रयोग एउटा कारकका रूपमा देखिएको ब्युरोको भनाइ छ।

खैरोहिरोइन, एम्पुल, नाइट्राजेपाम, टामाडोललगायतका अन्य औषधि मुलुकभित्र प्रयोग बढ्दो छ भने कोकिन, अफिम, चरेश र गाँजा भारत तस्करी हुने गरेको छ। प्रहरीले देशभरका जिल्ला प्रहरी कार्यालयमा अभियुक्तविरुद्ध मुद्दा चलाउँदै आएको छ भने लागुऔषध नियन्त्रण ब्युरो र ब्युरो मातहतका दश वडा कार्यालय यसको नियन्त्रणमा सक्रिय छन्।

ब्युरोको विवरणअनुसार पनि गत आवमा मात्रै एक हजार ६७५ जनालाई मुद्दा चलाइएको छ। अघिल्लो आवमा ब्युरोले एक हजार १९३ जनाविरुद्ध मुद्दा चलाएको थियो भने आव २०७९/८० मा ब्युरोले ९३७ जनाविरुद्ध मुद्दा चलाएको थियो। विवरणअनुसार ब्युरोको सक्रियता बढेकै कारण अभियुक्तहरू पक्राउ पर्ने क्रम बढेको छ। त्यसैगरी सशस्त्र प्रहरी बलले लागुऔषध नियन्त्रणका लागि सक्रियता बढाएको छ। बितेको एक वर्षमा सशस्त्र प्रहरी बलले लागुऔषध कारोबार तथा ओसारपसारमा संलग्न ४६० जनालाई पक्राउ गरेको छ।

सशस्त्र प्रहरी बलले 'नशारहित युवा-हाम्रो देशका कर्णधार, सिमानाको रक्षा-राष्ट्र निर्माणको आधार' भन्ने नाराका साथ लागुऔषध नियन्त्रणमा जुटेको छ। सशस्त्र प्रहरी बलले यो अवधिमा ठूलो मात्रामा लागुऔषध समेत सीमानाका क्षेत्रबाट बरामद गरेको सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता सशस्त्र प्रहरी नायब महानिरीक्षक कालीदास धौबजीले जानकारी दिनुभयो।

# वीरगञ्जबाट भित्रिए ६८ हजार ७४३ सवारीसाधन

पर्सा, १४ साउन (रासस)।

गत आर्थिक वर्षमा वीरगञ्ज नाकाबाट ६८ हजार ७४३ सवारीसाधन भित्रिएका छन्।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेका अनुसार सो अवधिमा इन्धनबाट चल्ने अन एसेम्वल्ड मोटरसाइकलदेखि क्रेनलहरीसम्मका ६८ हजार ७४३ वटा सवारीसाधन आयात भएका हुन्। सवारीसाधनको आयातबाट दोस्रो धेरै राजस्व सङ्कलन हुँदै आइरहेको छ। गत आवभरिमा इन्धनबाट चल्ने सवारीसाधनबाट मात्र रु १७ अर्ब ३१ करोड राजस्व सङ्कलन भएको छ।

गत आवमा रु छ अर्ब ६० करोड मूल्यका ५० हजार २९१ वटा अनएसेम्वल्ड मोटरसाइकल आयात भएका छन्। ती सवारी आयातबाट यस नाकाले रु छ अर्ब ३१ करोड राजस्व सङ्कलन गरेको छ। गत आवमा रु दुई अर्ब ९४ करोड मूल्यका एक हजार ४५४ वटा अन्य बस तथा ट्रकका चेसिस आयात भएका छन्।

त्यसैगरी, सोही अवधिमा रु दुई अर्ब एक करोड मूल्यका नौ सय १२ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएका छन्। गत आवमा नै रु एक अर्ब ३७ करोड मूल्यका पाँच हजार ७३५ वटा ट्र्याक्टर तथा ट्रिलर आयात भएका छन्।

सोही अवधिमा रु एक अर्ब ११ करोड मूल्य पर्ने ४१७ वटा इन्धनबाट चल्ने बस यहाँ भित्रिएका छन्। सोही अवधिमा रु ७१ करोडका एक सय ३९ वटा कङ्क्रिट मिश्रण लहरी आयात भएका छन् भने रु ७४ करोडको तीन सय १२ वटा ट्रक, मिनी ट्रक आयात भएका छन्।

त्यसैगरी, सोही अवधिमा रु ४३ करोड ३१ लाख मूल्यका चार हजार ६४६ वटा मोटरसाइकल आयात भएका छन्। वीरगञ्ज नाका हुँदै गत आवमा रु एक अर्ब ६४ करोड मूल्यका साना-ठूला दुई हजार ३३७ वटा विद्युतीय सवारीसाधन आयात भएका थिए। वीरगञ्ज भन्सारले गत वर्ष विद्युतीय सवारीसाधन आयातबाट रु एक अर्ब ८० करोड ४५ लाख राजस्व सङ्कलन गरेको थियो।

### *कृषि बिश्वविद्यालयको ...*

छन्।

आन्दोलनरत बिद्यार्थीहरूको एक समूह जिल्ला प्रशासन कार्यालय पुगेर प्रशासकिय अधिकृत दिपेन्द्र कुमार पासवान मार्फत उक्त निकायमा ज्ञापनपत्र पठाएका छन्।

ज्ञापनपत्रमा विश्वबिद्यालयमा विद्यमान समस्याहरूलाई लिएर पटकपटक विश्वबिद्यालयका जिम्मेवार अधिकारीहरूको लिखित र मौखिक रूपमा ध्यानाकर्षण गराउदा पनि समाधानका लागि कुनै पहल नगरिएको उल्लेख गरिएको छ।

विश्वबिद्यालय प्रशासनले समस्या समाधान गर्नुको सट्टो ताला खोल्न दवाव र धाकधम्की दिन थालेको दोषारोपण गर्दै ज्ञापनपत्र मार्फत आफुहरूको जायज माँग अबिलम्ब सम्बोधन नगरिए आन्दोलनका थप सशक्त कार्यक्रमहरू अघि बढाईने तथा यसबाट उतपन्न हुने असहज परिस्थितिको सम्पूर्ण जिम्मेवारी सम्बन्धित निकायले नै लिनुपर्ने चेतावनी समेत दिएको छ।

शैक्षिक वातावरण मैत्री कक्षा कोठाको व्यवस्था, निर्धारित भन्दा बढी लिएको शुल्क फिर्ता,लिएको शुल्कको नगदी रसिद उपलब्ध गराउनुपर्ने, कक्षा कोठामा आवश्यकता अनुसारको डेक्स बेन्चको व्यवस्था तथा बिग्रिएको अवस्थामा रहेको पंखाहरू मर्मत लगायतका माँग राखि बिद्यार्थीहरूले आइतबार विश्वबिद्यालयको शैक्षिक भवनमा तालबन्दी गरेका थिए। उनीहरूद्धले माँग पूरा नभएसम्म ताला नखोल्ने अडान लिएका छन्।

विश्वबिद्यालयका रजिस्ट्रार भगवान ठाकुरले आन्दोलनरत बिद्यार्थीहरू सँग बार्ता गरि समस्या समाधानको प्रयास भई रहेको बताएका छन्।

# डा. राजीवलाई मातृशोक

**दैनिक समाचारदाता राजबिराज, १४ साउन।**

राजबिराज वडा नं. ४ निवासी डा. राजीव कुमार कण्ठलाई मातृ शोक परेको छ।

डा. कण्ठकी आमा शान्ति देवी कण्ठको यही श्रावण ८ गते उपचारको क्रममा मृत्यु भएको हो।

काठमाडौंको मेडीसिटी अस्पतालमा उपचाररत ७५ बर्षिय कण्ठले "मल्टी आर्गेन फेल्योर" भएर मृत्यु बरण गर्नु परेको उनका छोरा अमित कण्ठले बताएका छन्।

सूचना प्रविधिमा विद्यावारिधी (डाक्टरेट) गरेका डा. कण्ठ फिनल्याण्डको टर्कू विश्वविद्यालयमा सूचना प्रविधि बिषयका स्थायी प्राध्यापक हुन् भने स्याभोनिया बिश्वबिद्यालयका अनुसन्धानकर्ता प्राध्यापक पनि हुन।

कम्प्यूटर विज्ञानमा उनका १०० भन्दा बढी अनुसन्धान अन्तरराष्ट्रिय जरनलहरुमा प्रकाशित छन। उनी नेपालका प्रतिनिधित्व गर्दै एप्लाइड साइन्सका अन्तरराष्ट्रिय सेमीनारहरुमा सहभागी हुने गर्दछन्।

आमाको कामक्रिया गर्न भनी उनी फिनलयाण्डबाट राजबिराज आई पुगेका हुन। शान्ति देवी कण्ठको चार छोरा र एक छोरी छिन। उनका पति देवकृष्ण कण्ठ सामाजिक संस्था चित्रगुप्त सेवा समितिका सल्लाहकार रहेका छन।

# आन्तरिक ऋण शतप्रतिशत उठ्दा बाह्य ऋण ५७ प्रतिशतमा खुम्चियो

**हेमन्त जोशी**
काठमाडौं, १४ साउन (रासस) ।

गत आर्थिक वर्ष २०८१/८२ मा सरकारले आन्तरिक ऋण शतप्रतिशत उठाउँदा बाह्य ऋण भने ५७ प्रतिशत हाराहारी मात्रै उठाउन सकेको देखिएको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको गत असार मसान्तसम्मको सरकारी ऋणको प्रतिवेदनअनुसार गत आवमा आन्तरिक ऋणका लागि राखिएको रु तीन खर्ब ३० अर्बको लक्ष्य शतप्रतिशत पूरा भएको छ । तर बाह्य ऋणतर्फ रु दुई खर्ब १७ अर्ब उठाउने भनिएकोमा ५७ दशमलव ७९ प्रतिशतअर्थात् रु एक खर्ब २५ अर्ब ३९ करोड ९९ लाख मात्रै उठाइएको हो । अर्थात् गत आवमा सरकारले रु ९१ अर्ब ६० करोड एक लाख बराबर बाह्य ऋणत उठाउन सकेन ।

सरकारको पुँजीगत खर्च न्यून हुनु र विकास आयोजनाको काम तोकिएको समयमा सम्पन्न हुन नसक्दा लक्ष्यअनुसार बाह्य ऋण उठाउन नसकिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख गोपीकृष्ण कोइरालाले राससलाई जानकारी दिनुभयो । "पुँजीगत खर्च पर्याप्त नहुँदा र आयोजनाहरूको काम समयमा नसकिँदा सबै बाह्य ऋण उठाउन सकिएन । सरकारका वार्षिक आयोजना तथा कार्यक्रमहरूमा पहिले हाम्रो आफ्नै स्रोतबाट खर्च हुने र पछि ऋणदाताबाट शोधभर्ना गर्नुपर्ने हुन्छ । तर काम नै सम्पन्न नभएपछि त्यसको शोधभर्ना पनि माग्न मिलेन । यसकारण बाह्य ऋण कम उठेको हो", कोइरालाले भन्नुभयो ।

तुलनात्मक रुपमा आन्तरिक ऋणभन्दा बाह्य ऋणको ब्याजदर सस्तो हुने र भुक्तानी अवधि पनि लामो हुन्छ । अर्कोतर्फ आन्तरिक ऋणलाई चालुगत प्रकृतिका शीर्षकमा सरकारले जथाभावी खर्च गर्ने तर बाह्य ऋणलाई ऋणदाताले समेत पुँजीगत प्रकृतिका र पुँजी निर्माणमा बढी केन्द्रित गर्नुपर्ने शर्त राख्ने भएकोले बाह्य ऋणलाई बढी प्रभावकारी मानिन्छ । त्यस्तै, बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाह हुनुपर्ने कर्जालाई सरकारले नै प्रयोग गरिदिँदा मुद्राबजारमा समेत त्यसको असर देखिने गरेको छ ।

गत आर्थिक वर्षमा सरकारले कूल रु पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको थियो । जसमध्ये रु चार खर्ब ५५ अर्ब ३९ करोड प्राप्त भएको कार्यालयले जनाएको छ । वार्षिक लक्ष्यको तुलनामा गत आवको कूल सार्वजनिक ऋण प्राप्ति ८३ दशमलव २५ प्रतिशत हो ।

कार्यालयका अनुसार गत आवमा मात्रै रु दुई खर्ब ३१ अर्ब आठ करोड थपिए कूल सरकारी ऋण रु २६ खर्ब ६९ अर्ब ५७ करोड पुगेको छ । जुन कूल गार्हस्थ्य उत्पादनको ४३ दशमलव ७१ प्रतिशत हुन आउँछ । कूल सार्वजनिक ऋणमा असार मसान्तसम्म वैदेशिक ऋणको हिस्सा ५२ दशमलव ४९ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४७ दशमलव ५१ प्रतिशत छ । कार्यालयका अनुसार हाल सरकारले रु १२ खर्ब ६३ अर्ब छ करोड ४५ लाख आन्तरिक र रु १४ खर्ब एक अर्ब ३५ करोड २८ लाख बाह्य ऋण तिर्न बाँकी छ । कूल गार्हस्थ्य उत्पादनको आधारमा आन्तरिक ऋण २२ दशमलव १४ र बाह्य ऋण २४ दशमलव ५६ प्रतिशत हुन आउँछ ।

त्यस्तै, गत आवमा सरकारी ऋणको साँवा ब्याज भुक्तानीका लागि रु चार खर्बभन्दा बढी खर्च भएको छ । "आव २०८१/८२ मा ऋण सेवा खर्चमा रु चार खर्ब दुई अर्ब ८५ करोड विनियोजन भएकोमा असार मसान्तसम्म रु तीन खर्ब ६२ अर्ब ५९ करोड भुक्तानी भएको छ । यो वार्षिक बजेट विनियोजनको आधारमा ९० दशमलव ०१ प्रतिशत हो", कार्यालयको मासिक प्रतिवेदनमा भनिएको छ । कूल गार्हस्थ्य उत्पादनको आधारमा असार मसान्तसम्ममा ऋण सेवा खर्च पाँच दशमलव ९४ प्रतिशत रहेको छ ।

गत आवमा सरकारले आन्तरिक ऋणको साँवा ब्याज भुक्तानीको लागि रु तीन खर्ब चार अर्ब १९ करोड १२ लाख खर्च गरेको छ भने बाह्य ऋणको साँवा ब्याज भुक्तानीका लागि रु ५८ अर्ब ४० करोड १३ लाख खर्चिएको छ ।

# कोशीमा दुई दशकमा हात्तीको आक्रमणबाट ९७ जनाको मृत्यु

झापा, १४ साउन (रासस) ।

कोशी प्रदेशमा दुई दशकमा हात्तीको आक्रमणबाट ९७ जनाको मृत्यु भएको छ भने ४१ वटा हात्ती मरेका प्रदेश वन निर्देशनालय धरानले जनाएको छ ।

निर्देशनालयका प्रमुख डा इन्द्रप्रसाद सापकोटाका अनुसार आर्थिक वर्ष २०६२/६३ देखि चालु आर्थिक वर्षको हालसम्ममा झापा, मोरङ, सुनसरी, उदयपुर र इलाममा हात्ती आक्रमणबाट उक्त मानवीय क्षति भएको हो । सोही अवधिमा ८७ जना गम्भीर र १५ जना सामान्य घाइते भएका उहाँले जानकारी दिनुभयो ।

उहाँले प्रदेशका पाँच जिल्लामध्ये हात्तीको आक्रमणमा ज्यान गुमाउनेमा सबैभन्दा बढी झापामा रहेका बताउनुभयो । छिमेकी मुलुक भारतबाट आउने हात्तीको प्रवेश विन्दु झापा भएकाले पनि बढी जनधनको क्षति हुने गरेको उहाँले उल्लेख गर्नुभयो । उहाँका अनुसार झापामा ७२, मोरङमा १७, सुनसरीमा सात र इलामका एक जनाको हात्तीको आक्रमणबाट मृत्यु भएको छ ।

प्रमुख डा सापकोटाले सोही अवधिमा झापामा २५, मोरङमा नौ, सुनसरीमा छ र उदयपुरमा एउटा हात्ती मरेका जानकारी दिनुभयो ।

"सरकारको ठूलो धनराशि वन्यजन्तु संरक्षण, मानवीय क्षतिपूर्ति तथा राहत, कृषिबालीको क्षतिपूर्तिलगायतमा खर्च भइरहेको छ", उहाँले भन्नुभयो, "स्थानीयले पनि वन्यजन्तुसँगको द्वन्द्वमा सतर्कता अपनाउनु जरुरी छ ।" उहाँले सरकार जति नै स्थानीय पनि गम्भीर हुने हो भने मानव-हात्ती द्वन्द्व न्यूनीकरण हुने विश्वास व्यक्त गर्नुभयो ।

हात्ती आक्रमणबाट ज्यान गुमाउनेलाई सङ्घीय सरकारले रु १० लाख क्षतिपूर्तिस्वरुप प्रदान गर्दै आएको छ । घाइतेलाई उपचारका लागि रु २५ हजारदेखि रु एक लाखसम्म उपलब्ध गराउँदै आइएको निर्देशनालयका प्रमुख डा सापकोटाले जानकारी दिनुभयो । उहाँले प्रदेश सरकारले मानव-हात्ती द्वन्द्व न्यूनीकरणका लागि चालु आर्थिक वर्षमा हात्ती प्रभावित क्षेत्रमा बाली बिमा कार्यक्रमका लागि रु ५० लाख बजेट विनियोजन गरेको बताउनुभयो ।

डिभिजन वन कार्यालयमार्फत स्थानीय सरकारसँग समन्वय गरी बजेट विनियोजन गरेको हो", डा सापकोटाले भन्नुभयो, "कार्यक्रमको प्रभावकारिता र सम्भावना कस्तो रहन्छ त्यो हेरेर आगामी दिनमा सङ्घीय सरकारसँग यसको दिगोपना एवं कानुनी प्रावधानका सन्दर्भमा सहजीकरणका लागि अनुरोध गर्नेछौं ।"

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
राजविराज, सप्तरी

पत्र संख्या: २०८२/०८३
च.नं.

मिति:- २०८२/०४/१२

सिंचाई व्यवस्थापन सहयोग कार्यक्रम अन्तर्गत स्यालो/सबमर्सिबल ट्युबवेल/सोलार पम्प प्रणाली जडान तथा सञ्चालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति: २०८२/०४/१२

यस कृषि ज्ञान केन्द्र, सप्तरीको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रम अन्तर्गत स्यालो/सबमर्सिबल ट्युबवेल/सोलार पम्प प्रणाली जडान तथा सञ्चालन गर्न "सुख्खा एवम खडेरीबाट तत्काल राहतका लागि भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रम कार्यविधिक मापदण्ड तथा सञ्चालन विधि २०८२" अनुसार १५ % लागत साझेदारीमा इच्छुक कृषकहरूले यो सूचना प्रकाशित भएको मितिले सात दिन (मिति २०८२/०४/१८ गते) भित्र तपसिलको कागजात सहित अनुसूची २ बमोजिमको निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालयको वेब साईट वा सूचना पाटी वा सम्बन्धित पालिकाको सूचना पाटी हेर्न सकिनेछ । सुख्खा प्रभावित क्षेत्रका कृषकहरूलाई प्राथमिकता दिइनेछ तर सतह सिंचाईबाट सिंचाई भईरहेका क्षेत्रहरू र विगत दुई आ.व.मा यस्तै किसिमको अनुदान पाईसकेका अनुदानग्राहिहरूलाई कम प्राथमिकतामा राखिनेछ । प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहनेछ । म्याद नाघी प्राप्त भएका तथा झुठो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन रद्द हुनेछ ।

तपसिल:
१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. कार्यक्रममा सहभागी हुने कृषकहरूको २ (दुई) बिघा जग्गाको जग्गाधनी पूर्जाको प्रतिलिपी,
३. अनुसूची २ बमोजिमको निवेदन फाराम,

किसुन देव राउत
नि. प्रमुख

# विश्व समाचार

## रुसमा शक्तिशाली भूकम्प, सुनामीको चेतावनी

टोकियो, १४ साउन (रासस/एएफपी) ।

अहिलेसम्म रेकर्ड गरिएको सबैभन्दा शक्तिशाली भूकम्पमध्ये एउटा रुसको कम जनसङ्ख्या भएको सुदूर पूर्वमा बुधवार बिहान गएको छ । भूकम्पका कारण प्रशान्त महासागरमा चार मिटर (१२ फिट) सम्म सुनामी आएको थियो र हवाईदेखि जापानसम्मका बासिन्दाहरूलाई सुरक्षित स्थानमा सारिएको थियो ।

अमेरिकी भौगर्भिक सर्वेक्षण (युएसजिएस) का अनुसार रुसको दुर्गम कामचटका प्रायद्वीपमा पेट्रोपाब्लोभस्कबाट बिहान ८ः२४ बजे (२३०४ जिएमटी मङ्गलवार) ८.८ म्याग्निच्युडको भूकम्प गएको थियो र यो रेकर्ड गरिएको १० मध्ये सबैभन्दा ठूलो थियो ।

रूसी अधिकारीहरूले सेभेरो-कुरिल्स्क बन्दरगाह सहरमा सुनामीले बाढी ल्याएको बताएका छन् भने स्थानीय मिडियाले कामचटकाको एलिजोभ्स्की जिल्लामा तीनदेखि चार मिटर अग्लो सुनामी रेकर्ड गरिएको बताएको छ ।

रुसी सामाजिक सञ्जालमा पोस्ट गरिएको भिडियोमा सहरका भवनहरू समुद्री पानीमा डुबेको देखाइएको छ । अधिकारीहरूले लगभग दुई हजार बासिन्दालाई सुरक्षित स्थानमा सारिएको बतएका छन् ।

भूकम्पबाट रुसमा धेरै मानिस घाइते भएका तर तिनीहरूमध्ये कसैको पनि गम्भीर अवस्था नभएको राज्य मिडियाले रिपोर्ट गरेको छ ।

"भित्ताहरू हल्लिरहेका थिए", एलिजोभ्स्कीकी एक बासिन्दाले राज्य मिडिया ज्वेज्दालाई भन्नुभयो, "राम्रो कुरा के हो भने हामीले सुटकेस तयार पारेका थियौं, ढोकानजिकै पानी र लुगाफाटासहितको एउटा सुटकेस थियो । हामीले तुरुन्तै त्यो उठायौं र बाहिर भाग्यौं... यो धेरै डरलाग्दो थियो ।"

संयुक्त राज्य अमेरिका, मेक्सिको र इक्वेडर लगायत उत्तर र दक्षिण अमेरिकाका प्रशान्त तटवर्ती देशहरूका अधिकारीहरूले प्रभावित समुद्री किनारहरूबाट टाढा रहन चेतावनी दिएका छन् ।

जापानमा मानिसहरूलाई कार वा पैदल उच्च भूमिमा निकालिएको छ । होक्काइडोमा ३० सेन्टिमिटर मापन गरिएको पहिलो लहर अवलोकन गरिएको थियो ।

दिउँसो (०३०० जिएमटी) सम्म जापानमा कुनै घाइते वा क्षति भएको रिपोर्ट गरिएको छैन । हवाईमा होनोलुलुका मेयर रिक ब्लान्गियार्डीले बासिन्दाहरू र हजारौं आगन्तुकहरूलाई भवनहरूको माथिल्लो तलामा वा उच्च ठाउँमा सुरक्षित रहन भन्नुभयो ।

"मानिसहरूले समुद्री किनारमा बस्नु हुँदैन, र म फेरि एक पटक भन्छु, हुँदैन, जस्तो हामीले विगतमा देखेका छौं, सुनामी कस्तो देखिन्छ भनेर हेर्नका लागि आफ्नो जीवन जोखिममा पार्नुहुँदैन", गभर्नर जोश ग्रिनले भन्नुभयो, "यो सामान्य छाल होइन । यदि तपाईं सुनामीको चपेटामा पर्नुभयो भने यसले वास्तवमा तपाईंलाई मार्नेछ ।"

बुधवारको भूकम्प कामचटका क्षेत्रमा सन् १९५२ पछि सबैभन्दा शक्तिशाली थियो । क्षेत्रीय भूकम्प निगरानी सेवाले ७.५ म्याग्निच्युडको परकम्पनको चेतावनी दिएको छ ।

युएसजिएसका अनुसार भूकम्पको केन्द्रविन्दु त्यही वर्षको विशाल ९.० म्याग्निच्युडको भूकम्पको लगभग समान ठाउँमा छ । त्यस वर्षको भूकम्पले प्रशान्त-व्यापी सुनामी निम्त्याएको थियो ।

कम्तीमा छ वटा परकम्पनले यस क्षेत्रलाई थप हल्लाएको छ । यसमा ६.९ म्याग्निच्युडको एउटा र अर्को ६.३ मा सूचीबद्ध छ ।

अमेरिकी सुनामी चेतावनी केन्द्रहरूले इक्वेडर, उत्तरपश्चिमी हावाइयन टापुहरू र रुसका केही तटहरूमा ज्वारभाटाको स्तरभन्दा तीन मिटरभन्दा माथिका छालहरू आउन सक्ने बताएका छन् ।

चिली, कोस्टारिका, फ्रेन्च पोलिनेसिया, गुआम, हवाई, जापान र प्रशान्त महासागरका अन्य टापु र टापु समूहहरूका केही तटहरूमा एकदेखि तीन मिटरको छालहरू आउन सक्ने बताइएको छ ।

अस्ट्रेलिया, कोलम्बिया, मेक्सिको, न्युजिल्यान्ड, टोङ्गा र ताइवानसहित अन्य ठाउँमा एक मिटरसम्मको लहर आउन सक्ने सम्भावना छ । यसले सम्भावित अवस्थाहरूलाई 'खतरनाक' भनेर वर्णन गरेको छ ।

जापानको चिबा प्रान्तको इनेज बिचमा एक सुरक्षा परिधि स्थापना गरिएको थियो र एक उद्धारकर्मीले अर्को सूचना नआएसम्म समुद्री किनार प्रतिबन्धित रहेको बताए ।

"मैले त्यहाँ सुनामी आउने आशा गरेको थिइनँ; हामीले (चेतावनी) सुनेपछि मैले वास्तवमा यसको बारेमा मजाक गरेँ", क्यानाडाली पर्यटक १७ वर्षीया लिना लुसियरले भन्नुभयो ।

"हामी यहाँ पौडी खेल्ने आशामा आएका थियौं, तर सुनामीको चेतावनी जारी भएको सुनेपछि हामी भित्र जान सकेनौं, पानीको नजिक पनि जान सकेनौं", स्थानीय ३५ वर्षीय टोमोयो फुजिताले आफ्नी छोरीलाई लिएर त्यस क्षेत्रबाट निस्किँदा भन्नुभयो ।

टेलिभिजन फुटेजमा समुद्र तटमा धेरै ह्वेलहरू बगाएको देखाइएको छ । सन् २०११ मा ठूलो भूकम्प र सुनामीले ध्वस्त पारेको उत्तरपूर्वी जापानको फुकुसिमा आणविक संयन्त्रमा कामदारहरूलाई सुरक्षित स्थानमा सारिएको यसका सञ्चालकले बताए ।

स्थानीय एएफपी पत्रकारहरूका अनुसार क्यालिफोर्नियामा मोबाइल फोनहरूमा सुनामी अलर्टहरू पठाइएको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमा भन्नुभयो, "बलियो रहनुहोस् र सुरक्षित रहनुहोस् !"

हवाईको लोकप्रिय वाइकिकी सर्फ समुद्री किनार नजिकै सुनामी साइरन बज्यो । त्यहाँ एएफपी फोटोग्राफरले हवाईवासीहरू उच्च भूमिमा भाग्दा ट्राफिक जाम भएको अवलोकन गरे ।

अमेरिकी सुनामी चेतावनी केन्द्रहरूले सम्पूर्ण अमेरिकी राज्य हवाईका लागि यसको सर्वोच्च स्तरको अलर्ट सुनामी चेतावनी जारी गऱ्यो । यहाँ पहिलो छालहरू स्थानीय समय साँझ ७ः१७ बजे (०५१७ जिएमटी) मा आउने अपेक्षा गरिएको छ ।

"मानिसहरूलाई समुद्री किनारबाट टाढा रहन र तटमा नजान सल्लाह दिइएको छ", भूकम्पीय केन्द्रले चेतावनीमा भन्यो ।

जहाजहरूलाई दुई मिटरसम्म छालहरूको अपेक्षित आगमन अघि खुला पानीमा जान आदेश दिइएको थियो भने होनोलुलुका सरकारी कर्मचारीहरूलाई चाँडै घर पठाइएको थियो ।

# सिंहलाई 'वैद्य-प्रकाश मानवअधिकार पुरस्कार'

**दैनिक समाचारदाता**
**राजविराज, १४ साउन ।**

मानवअधिकार र प्रजातान्तिक आन्दोलनका साथै कानुन व्यवसाय क्षेत्रमा निरन्तर क्रियाशील रही योगदान पुर्‍याएका राजविराज नगरपालिका ४ का ८४ वर्षीय हिम्मत सिंहलाई 'वैद्य-प्रकाश मानवअधिकार पुरस्कार'बाट सम्मानित गर्ने निर्णय गरिएको छ ।

वैद्य-प्रकाश मानवअधिकार पुरस्कार कोषको राजविराजमा बुधबार सम्पन्न बैठकले यस वर्षका लागि वरिष्ठ अधिवक्ता सिंहलाई सम्मानित गर्ने निर्णय गरिएको कोषका संस्थापक अध्यक्ष वैद्यनाथ झाले जानकारी दिएका छन् ।

राजनीतिबाट सार्वजनिक जीवन सुरु गरेका सिंह मानवअधिकार, प्रजातान्त्रिक र सङ्घीय लोकतान्त्रिक आन्दोलनमा सक्रिय रही साढे पाँच दशकदेखि हालसम्म कानुन व्यवसाय क्षेत्रमा निरन्तर कटिबद्ध र क्रियाशील छन् ।

सामाजिक सरोकारका विषयमा चिन्तन गर्नुहुने उनी जिल्लाको कानुनी, राजनीतिक हतिहास र अभ्यासमा गहिरो संलग्नता राख्छन् । साथै सामाजिक न्याय र सार्वजनिक चासोका मुद्दामा सक्रिय छन् । सप्तरीको सामाजिक, राजनीतिक परिवेश र मनोविज्ञानसम्बन्धी विश्लेषणमा पोख्त उनले जनताको विश्वास जितेर प्रजातान्त्रिक व्यवस्था, संविधानको दीघार्यु र कानुनी संरचना सुदृढीकरण गर्नुपर्ने प्रष्ट विचार राख्दै आएका छन् । कमजोर, पीडित वर्गका पक्षमा कानुनी सेवा प्रदान, न्याय प्रणालीमा सुधार र पारदर्शिताका पक्षधर सिंह युवा कानुन व्यवसायीका लागि मार्गदर्शक हुन ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ५ मा जन्मेका राजविराज नगरपालिका ४ मा स्थायी बसोबास गर्दै आएका सिंहले सप्तरीको डाक्नेश्वरी नगरपालिकास्थित ब्रह्मपुरमा पब्लिक रामेश्वर उच्च माध्यमिक विद्यालय र तिलाठी कोइलाडी गाउँपालिका ५ स्थित बर्साइनमा आधारभूत विद्यालय स्थापना गरेका छन् । उनी नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य र जेपी लोहिया रामेश्वर मेमोरियल ट्रष्टका संस्थापक हुन । सिंहले विसं २०७६ मा एमनेस्टी इन्टरनेसनल सप्तरीको अध्यक्षको भूमिका कुशलतापूर्वक निर्वाह गरिसकेका छन् ।

निर्वाचित संसद् र मन्त्रिमण्डल विघटन भई विसं २०१७ मा पञ्चायती व्यवस्था सुरु भएपछि प्रवासित सिंहले भारतबाट प्रकाशित पत्रिकाहरूमार्फत लेख प्रकाशन गर्थे । विसं २०२६ मा आममाफीपश्चात् नेपाल प्रवेश गरी वकालत प्रारम्भ गरेका उनले २०४२ सालमा वरिष्ठ अधिवक्ताको उपाधि पाएका हुन् । जलेश्वर, वीरगञ्जमा सुरक्षामा प्रहरी हिरासतमा परेका उनी २०४६ सालको आन्दोलनमा प्रहरीको लाठीचार्जबाट घाइतेसमेत भएका थिए ।

वरिष्ठ अधिवक्ता सिंहलाई इन्सेकका संस्थापक महासचिव प्रकाश काफ्लेको स्मृतिमा शुक्रबार हुने कार्यक्रममा राजविराजस्थित नेपाल पत्रकार महासङ्घको भवनमा सम्मान गरिने आयोजकले जनाएको छ । नुवाकोटको घोप्टेभिरमा विसं २०४९ साउन १६ गते भएको थाइ विमान दुर्घटनामा अधिकारकर्मी प्रकाश काफ्लेको निधन भएको थियो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)द्वारा २१औँ प्रकाश मानवअधिकार पुरस्कारबाट सम्मानित राजविराज नगरपालिका-७ का वैद्यनाथ झाले प्राप्त गरेको नगद रु ५१ हजारबाट स्थापना गरिएको कोषमा झाकी आमा चन्द्रादेवी झाले ज्येष्ठ नागरिकका हैसियतले पाएको सामाजिक सुरक्षाबापतको रु ५० हजार र अन्य रु ३० हजार जम्मा गरेका छन् ।

यसैगरी राष्ट्रिय मानवअधिकार आयोगका सदस्य मिहीर ठाकुरले रु २५ हजार, झाका भतिजा इञ्जिनियर सञ्जयकुमार झाले रु १५ हजार, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली र मञ्जु शारदाले रु पाँच/पाँच हजार प्रदान गर्नु भई कोषको रकम रु एक लाख ७५ हजार पुगेको छ । उक्त कोषमा झाले पुरस्कारस्वरुप प्राप्त गरेको अन्य रकमसमेत जम्मा गर्दै आएका छन् ।

यो पुरस्कार २०७३ सालदेखि प्रत्येक बर्ष मानवअधिकार तथा नागारिक आन्दोलनका विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउने व्यक्तित्वलाई प्रदान गरिँदै आइएको कोषले जनाएको छ । सम्मानित व्यक्तित्वलाई सम्मानपत्र तथा दोसल्ला प्रदान गरिनुका साथै पुरस्कारको राशि बर्सेनि बढाउँदै लगिएको कोषका सचिव मनोहरकुमार पोखरेलले जानकारी दिए । उनका अनुसार पहिलो पटक रु तीन हजार १०५ पुरस्कार प्रदान गरिएकामा कोषको राशि वृद्धि भएसँगै यो वर्ष पुन: वृद्धि गरी पुरस्कारको राशि रु ११ हजार बनाइएको छ ।

यो पुरस्कारबाट २०७३ सालमा चमार आन्दोलन र भूमि अधिकार अभियन्ता सुरुङ्गा नगरपालिका-४ मधुपट्टी कनकपुरका बलदेव राम, २०७४ सालमा दलितमा सबैभन्दा पछाडि पारिएको डोम जातिको आन्दोलनको अभिन्न अङ्गका रूपमा स्थापित छिन्नमस्ता गाउँपालिका-२ का युक्तिलाल मरिक सम्मानित भएका थिए । साथै गत वर्ष सीमान्तकृत दलित, गरिबको चेतना विकास र अधिकारको संरक्षणमा योगदान गरेका रुपनी गाउँपालिका-६ तेरहौताका दिलिपकुमार चौधरीलाई सम्मानित गरिएको थियो ।

# दमकलबाट संकटग्रस्त क्षेत्रमा खानेपानीको आपूर्तिलाई निरन्तरता दिने निर्णय



**दैनिक समाचारदाता**
**जनकपुर, १४ साउन ।**

मधेश प्रदेश सरकार गृह, संचार तथा कानुन मन्त्रालयले खरिद गरेका ८ वटा मध्ये ६ वटा दमकल स्थानीय निकायलाई हस्तान्तरण गर्ने निर्णय गरेको छ ।

गृहमन्त्री राजकुमार लेखिको अध्यक्षतामा बुधबार प्रदेश विपद व्यवस्थापन कार्यकारी समितिको मन्त्रालयमा बसेको बैठकबाट सो निर्णय गरिएको हो ।

बैठकले स्थानीय तह मार्फत नै हस्तान्तरण गरिने दमकलबाट संकटग्रस्त क्षेत्रमा खानेपानीको आपूर्तिलाई निरन्तरता दिने निर्णय पनि गरेको छ ।

बैठकमा प्रमुख सचिव मदन भुजेल, गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रदेश सचिव विमल प्रसाद बराल, नेपाल प्रहरीका डिआईजी उमाप्रसाद चतुर्वेदी, नेपाली सेनाका पृतनापति कृष्ण जिसी, सशस्त्र प्रहरीका डिआईजी कृष्ण ढकाल लगायतका समितिका पदाधिकारीहरु सहभागी थिए ।

यस्तै बैठकमा संघीय सरकारबाट भए गरेका कामको प्रगति समिक्षा र विपद व्यवस्थापनमा प्रदेश सरकारको अगामी कार्यदिशा लगायतका बिषयमा छलफल भएको गृहमन्त्री लेखीले जनाएका छन् ।

उनले विपद् संकटग्रस्त क्षेत्रमा खानेपानी तथा सिँचाई कार्यको लागि संघीय तथा अन्य दातृ निकायबाट प्राप्त: स्रोत साधनको प्रभावकारी ढंगले कार्य गर्न भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालयलाई समेत अनुरोध गर्ने निर्णय पनि गरेको बताए ।

त्यस्तै, समितिले प्रदेशको विपद संकटग्रस्त क्षेत्रमा प्रभावकारी ढंगले कार्य अगाडी बढाउन जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेशका मन्त्रालयसंग समन्वय गरी सबै सरोकारवाला निकायलाई कार्य गर्न निर्देशन दिने निर्णय समेत गरेको छ ।

नेपाली सेनाले शान्ति मिसनबाट प्राप्त १७ बटा ट्यांकर र १ बटा बम डिस्पोजल गाडीलाई प्रचलित कानून बमोजिम अस्थायी दर्ता गर्न मधेस सरकारको श्रम तथा यातायात मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरेको मन्त्री लेखीले जानकारी दिए ।









**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*